अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८२।०३।०८ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी गोपाल रसाईलीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट महेन्द्रनगर नगर विकास समितिका **तत्कालीन अध्यक्ष गोपाल रसाईली** समेतका प्रतिवादीहरु उपर महेन्द्रनगर नगर विकास समितिको स्वामित्वमा रहेको सरकारी जग्गा विधि र प्रक्रिया विपरीत व्यक्ति विशेषको नाममा दर्ता स्रेस्ता कायम गरी गराई सरकारी जग्गा वितरण गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) को कसुरमा बिगो रु.२,२१,९७,४००।- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा गोपाल रसाईली नगर विकास समितिको अध्यक्षको पदमा रहेको देखिँदा सोही ऐनको दफा २४ बमोजिम थप सजाय गरी बिगोसमेत ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०१।२४ को फैसलाबाट आंशिक सफाई दिएकोले उपरोक्त फैसलाउपर मिति २०८२।०३।०८ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल